# सैनिक प्राविधिक सेवा नियमहरू, २०१९

नेपाल राजपत्रमा प्रकाशित मिति

२०१९।३।३१

**संशोधन**

| | |
|---|---|
| १. सैनिक प्राविधिक सेवा (पहिलो संशोधन) नियमहरू, २०२० | २०२०।९।२२ |
| २. सैनिक प्राविधिक सेवा (दोस्रो संशोधन) नियमहरू, २०२६ | २०२६।४।२० |
| ३. सैनिक प्राविधिक सेवा (तेस्रो संशोधन) नियमहरू, २०३१ | २०३२।२।५ |
| ४. सैनिक प्राविधिक सेवा (चौथो संशोधन) नियमहरू, २०४४ | २०४४।९।२७ |
| ५. सैनिक प्राविधिक सेवा (पाँचौं संशोधन) नियमहरू, २०४५ | २०४५।९।५ |
| ६. सैनिक प्राविधिक सेवा (छैठौं संशोधन) नियमहरू, २०४७ | २०४७।१।१० |

**सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको नियमहरू** बनाएको छ :-

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "नेपाल सैनिक प्राविधिक सेवा नियमहरू, २०१९" रहेको छ ।

(२) यी नियमहरू २०१९।४।१।२ देखि प्रारम्भ हुनेछन् ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा-

(क) "प्राविधिक पद" भन्नाले नेपाल सरकारले तोकिदिएको नेपाली सेनाको पद सम्झनु पर्छ ।

(ख) "प्रवर समिति" भन्नाले नियम ४ अन्तर्गत गठन गरिने समिति सम्झनु पर्छ ।

नेपाल कानून आयोग

(ग) “प्रिन्सिपल स्टाफ अधिकृत” भन्नाले व्यवसाय सम्बन्धित र आ. हे. क्वा. को मुख्य सिनियर अधिकृत सम्झनु पर्छ ।

३. **श्रेणी विभाजन** : सेवामा शैक्षिक योग्यता, कामको किसिम, र अनुभवको आधारमा देहाय बमोजिमको श्रेणीहरू रहने छन् । आवश्यकतानुसार उक्त श्रेणीलाई नेपाल सरकारबाट विस्तृत गर्न सकिने छ ।

(१) “क” श्रेणी -

(क) विज्ञानमा डिग्री प्राप्त, वा

(ख) यो नियम लागू हुनु अघि नेपाली सेनामा कमिशन पाई १० वर्ष देखि अवछिन्न नेपाल सरकारको सेवा गरिरहेको डिप्लोमा प्राप्त अधिकृत

(२) “ख” श्रेणी-

(क) डिप्लोमा प्राप्त, वा

(ख) खास सैनिक व्यवसायमा डिप्लोमा वा व्यवसायी तालिम प्राप्त अधिकृत ।

टिप्पणी - [४](क) “ख” श्रेणीका प्राविधिक अधिकृतको उच्चतम दर्जा प्रमुख सेनानी हुनेछ ।

(ख) सबै “क” प्राविधिकहरूले आफ्नो स्टाव्लीसमेण्टको उच्चतम दर्जामा नियम अनुसार, उमेरको हदभित्र प्रमोशन पाउन सक्नेछन् ।

(ग) श्रेणी विभाजन विस्तार :-

| “क” श्रेणी | “ख” श्रेणी |
|---|---|
| (१) विज्ञानमा डिग्री प्राप्त | (१) डिप्लोमा होल्डर |
| (२) यो नियम लागू हुनु अघि | |

[४] पाँचौं संशोधनद्वारा संशोधित ।

| | |
|---|---|
| नेपाली सेनामा कमिशन पाई दश वर्ष देखि अवछिन्न नेपाल सरकारको सेवा गरिरहेका डिप्लोमा होल्डर अधिकृतहरू । | (२) (क) सो कोर्ष पास गरी पार्ट “ए” र “बी” जाँच दिनु नपरे पनि प्राविधिक “क” मा आउन मञ्जूर नगर्ने सिग्नल अधिकृत ।<br>(ख) सो पार्ट “ए” र “बी” जाँच दिनु पर्ने सि. अ. |
| (३) खास व्यवसायी कामको निमित्त प्राविधिक तलब स्केल निजामती तर्फ पाइरहे बमोजिमको नेपाली सेनाको उही वा समान व्यवसायी उम्मेदवार । | |
| (४) लङ टेलिकम अधिकृत, टेलिकम सर्टटेलिकम कोर्ष पास गरेका पार्ट “ए” र “बी” जाँच दिनु नपर्ने सिंमुनल अधिकृत । | |
| (५) डिग्री इञ्जिनियरिङ्ग कोर्ष पास गरी एसोसियट मेम्बरसिप एकजामिनेशन अफ इन्ष्टिच्यूशन अफ इञ्जिनियर्स (इण्डिया) को सेक्शन “ए” र “बी” को जाँच दिनु पर्ने । | (३) (क) सो सेक्सन “ए” र “बी” जाँच दिनु नपर्ने भए पनि प्राविधिक “क” मा जान मञ्जूर नगर्ने ।<br>(ख) सो सेक्सन “ए” र “बी” जाँच दिनु नपर्ने । |
| (६) डिग्री प्राप्त सर्भेयर । | |
| | (४) व्याण्ड माष्टर । |

नेपाल कानून आयोग

[३]४. **प्रवर समिति** : देहायमा लेखिएका व्यक्तिहरूको एक प्रवर समिति रहने छ :

(क) प्रतिनिधि, लोकसेवा आयोग -अध्यक्ष

(ख) मुख्य अधिकृत, सम्बन्धित सेवा -सदस्य

(ग) सैनिक सचिव वा निजको अनुपस्थितिमा

उप-सैनिक सचिव -सदस्य

(घ) मुख अधिकृत (भर्ना छनौट), कार्यरथी विभाग -सदस्य-सचिव

५. **प्रवर समितिको कर्तव्य** : नेपाली सेनामा सेवा गर्न चाहने प्रतियोगी प्राविधिक उमेदवारलाई जाँचबुझ गरी कमिशन दिनालाई लायक ठहरिएकाको नाम **श्री ५ महाराजाधिराजको** स्वीकृतिको निमित्त नेपाल सरकारको रक्षा मन्त्रालयमा प्रधान सेतापतिले पेश गर्नेछन् र स्वीकृती प्राप्त मितिदेखि उक्त उम्मेदवारले लेफ्टेनेण्टको दर्जामा कमिशन प्राप्त गरी तलब खान पाउनेछ ।

६. **न्यूनतम योग्यता** : देहायको योग्यता नभै कुनै पनि उम्मेदवार प्रवर समितिबाट लिइने परीक्षामा सम्मिलित हुन पाउने छैन :-

(क) छानिने वर्षको वैशाख १ गते २९ वर्ष ननाघेको (२०२७) साल सम्म ३५ वर्ष ननाघेकोलाई पनि भर्ना गर्न सकिनेछ) ।

[#](ख) सम्बन्धित विषयमा स्नातक वा सम्बन्धित विषयमा प्रमाण-पत्र तह उत्तीर्ण भई सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्ष सेवा गरी कार्यदक्ष भएको ।

(ग) नेपाली नागरिक,

(घ) सम्बन्धित अञ्चलाधीशबाट कुनै राजनीतिक दलमा सदस्य नभएको भन्ने प्रमाणित पत्र प्राप्त भएको, र

(ङ) सैनिक मेडिकल बोर्डमा उत्तीर्ण भएको ।

---

[३] पांचौ संशोधनद्वारा संशोधित ।

[#] पांचौ संशोधनद्वारा संशोधित ।

७. **<u>शपथ ग्रहण</u>** : नियम ६ मा उल्लिखित योग्यता भै प्रवर समितिबाट लिइने परीक्षामा उत्तीर्ण भई नेपाली सेनामा कमिशन दर्जा पाएपछि उम्मेदवारले तोकिए बमोजिमको ढाँचामा शपथग्रहण गर्नु पर्नेछ ।

⊕८. **<u>प्रमोशन</u>** : समयको अवधिबाट सव्सटयाण्टीभ प्रमोशन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| उप-सेनानीबाट सह-सेनानीमा- | २ वर्षको सन्तोषजनक सेवा पुगेपछि र टेक्निकल वेसिक ट्रेनिङ्गमा उत्तीर्ण भएपछि । |
| सह-सेनानीबाट सेनानीमा- | ९ वर्षको सन्तोषजनक सेवा पुगेपछि खाली ठाउँ छ भने । |
| सेनानीबाट प्रमुख सेनानीमा- | १३ वर्षको सन्तोषजनक सेवा पुगेपछि खाली ठाउँ छ भने । |
| प्रमुख सेनानीबाट महा-सेनानीमा- | १७ वर्षको सन्तोषजनक सेवा पुगेपछि खाली ठाउँछ भने । |
| महा-सेनानीबाट सहायक रथीमा- | २० वर्षको सन्तोषजनक सेवा पुगेपछि खाली ठाउँमा र प्रमोशन बोर्डले सिफारिश गरेमा । |

**द्रष्टव्य** :-

(क) एम. डी. र सो सरह वा सोभन्दा माथिको विशेष शैक्षिक योग्यता हासिल गरेको वा पोष्ट ग्रयाजुएट ट्रेनिङ्ग पाएका प्राविधिक उम्मेदवारलाई नियम ४ मा उल्लिखित समितिले सिफारिश गरेमा आयक्टिङ्ग सह-सेनानी दर्जामा कमिशन दिनाको लागि **<u>श्री ५ महाराजाधिराजको</u>** स्वीकृतिको निमित्त प्रधान सेनापतिले यस्तो व्यक्तिको नाम पेश गर्नेछन् । तर उक्त दर्जामा कमिशन पाउने प्राविधिक ३५ वर्ष ननाघेको हुनु पर्दछ ।

नेपाल कानून आयोग

(ख) विशेष योग्यताको निरुपण लोक सेवा आयोगबाट हुनेछ ।

(ग) अधिकृतले कमिशन, प्रमोशन पाएको राजपत्रमा प्रकाश गर्न जंगी अड्डा, सैनिक सचिव विभागबाट नेपाल सरकार रक्षा मन्त्रालयमा सूचना पठाउने छ ।

∅८क **बढुवाको लागि ज्येष्ठताको गणना** : नियम ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली सेनाको प्राविधिक वा अप्राविधिक सेवामा प्रवेश गरेपछि प्राविधिक विषयमा स्नातकोपाधि प्राप्त गरी प्राविधिक सेवामा बढुवा हुने अधिकृतहरूको बढुवाको लागि ज्येष्ठताको गणना गर्दा निजहरूको त्यस्तो स्नातकोपाधि प्राप्त गरी प्राविधिक सेवामा बहाल गरेको मितिदेखि गणना गरिनेछ ।

तर निबृत्तभरण, उपदान, विभूषण आदिको प्रयोजनको लागि प्राविधिक स्नातकोपाधि प्राप्त गर्नु भन्दा अगावैको सेवाको अवधि गणना गरिनेछ ।

९. **प्रमोशन दिने अख्तियार** : मेजर दर्जासम्मको पोष्ट खाली भए सम्बन्धित प्रिन्सिपल स्टाफ अधिकृतका सिफारिशमा प्रधान सेनापतिले प्रमोशन दिन सक्नेछ । मेजर भन्दा माथिकोमा प्रमोशन दिने कुराको हकमा नेपाल सरकारको पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

⊕१०. **आक्टीङ्ग प्रमोशन हुन पूरा गर्नुपर्ने कमिशन सेवा** : देहायका दर्जामा आक्टीङ्ग प्रमोशन हुन देहायको सेवा पूरा गर्नु पर्नेछ :-

आक्टीङ्ग सहायक रथीमा प्रमोशन हुन- १८ वर्षको सेवा ।

आक्टीङ्ग महा-सेनानीमा प्रमोशन हुन- १५ वर्षको सेवा ।

आक्टीङ्ग प्रमुख सेनानीमा प्रमोशन हुन- ११ वर्षको सेवा ।

आक्टीङ्ग सेनानीमा प्रमोशन हुन- ७ वर्षको सेवा ।

११. **ट्रान्सफर पोष्टिङ्ग** : मेजर दर्जासम्मको ट्रान्सफर र पोष्टिङ्ग प्रधान सेनापतिबाट हुनेछ । सो भन्दा माथि सहायक रथीसम्मले गर्ने कामको ६ महीनासम्मको अस्थायी

---

⊕ दोस्रो संशोधनद्वारा संशोधित ।

∅ तेस्रो संशोधनद्वारा थप ।

ट्रान्सफर र पोष्टीङ्ग प्रधान सेनापतिको सिफारिशमा नेपाल सरकार, रक्षा मन्त्रालयबाट र सो बाहेक अन्य सबैमा नेपाल सरकारबाट हुनेछ ।

१२. **प्रमोशन नसुनाउने अवस्था** : देहायका अवस्थामा प्रमोशन सुनाइने छैन :-

(क) जुनसुकै बिदा बसेका बखतमा, वा

ℜ(ख) मेडिकल क्याटेगोरी "ए" भन्दा कम भएको बेलामा, वा

(ग) कुनै अभियोगमा कोर्ट-मार्शल वा अदालतमा सरिक भैरहेको र त्यसबाट सफाई नपाएसम्म ।

√१३. **अवधि** : (१) प्रमुख सेनानी, महासेनानी र सहायक रथीको अवधि ५ वर्षको हुनेछ ।

(२) उपनियम १ बमोजिमको अवधि पूरा भएपछि प्रमुख सेनानी, महासेनानी र सहायक रथीलाई नेपाल सरकारको स्वीकृति लिई प्रधान सेनापतिले अर्को तीन वर्षको एक अवधि थप गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम थप भएको अवधि पनि पूरा भएपछि प्रमुख सेनानी, महासेनानी र सहायक रथीको सेवाको आवश्यकता भएमा नेपाल सरकारको स्वीकृति लिई प्रधान सेनापतिले निजहरूलाई पुन: अर्को दुई वर्षको एक अवधि थप गर्न सक्नेछ ।

(४) प्रमुख सेनानी, महासेनानी र सहायक रथीको अवधि र उमेरको हदमा जुन अगाडि पूरा हुन्छ, सोही मिति देखि निजहरूले अवकाश पाउने छन् ।

तर,नेपाली सेनामा लामो अवधि सम्म प्रसंशनीय सेवा गरी अवकास हुने भएको सहायक रथीको तन्दुरुस्ती ठीक रही निजले सन्तोषप्रद काम दिन सक्ने भएमा र निजको सेवा नेपाली सेनाको लागि अतिआवश्यक छ भनी प्रधान सेनापतिले सिफारिस गरेमा नेपाल सरकारले निजको उमेर साठी वर्ष ननाघ्ने गरी २ वर्षको अर्को एक अवधिसम्म थप गर्न सक्नेछ ।

नेपाल कानून आयोग

---

∩ दोस्रो संशोधनद्वारा संशोधित ।

ℜ चौथो संशोधनद्वारा संशोधित ।

√ छैठौं संशोधनद्वारा संशोधित ।

**१४.** **<u>उमेरको हद</u>** : उमेरको हद देहाय बमोजिमको हुनेछ :-

| | |
|---|---|
| सहायक रथी | -५८ वर्ष |
| महासेनानी | - ५६ वर्ष |
| प्रमुख सेनानी | - ५५ वर्ष |
| सो भन्दा मुनि सहायक सेनानीसम्म | -५३ वर्ष |

१५. **<u>निजमतीतर्फबाट नेपाली सेनामा कमिशन हुने</u>** : निजामतीतर्फ काम गरिरहेको प्राविधिक उम्मेदवारहरूले आर्मी प्राविधिक सेवामा कमिशन लिन इच्छा गरी प्रवर समितिले छानी निजामतीतर्फको नोकरी जोडी रुल नियम बमोजिम पाउने दर्जा र तलब स्केलमा रेगुलर कमिशन पाउन सक्नेछन्। यसरी निजामती तर्फबाट नेपाली सेनामा लिइनेमा कम्तीमा १० वर्ष उमेरका हदभित्र नोकरी गर्न पाउने हुनु पर्छ उमेरको हद लागि दश वर्ष नपुग्दै रिटायर हुनेलाई कुनै हालतमा पनि लिइने छैन ।

**१६.** **<u>नर्सिङ्ग सर्भिसमा पनि लागू हुने</u> :** यी नियमहरू मेट्रन सिष्टर (सैनिक उपचारिका) हरूलाई पनि लागू हुनेछ ।

नेपाल कानून आयोग

टिप्पणी : केही नेपाल कानुन (संशोधन) ऐन, २०२४ द्वारा "अफिसर" को सट्टा "अधिकृत" र स्थानीय प्रशासन ऐन, २०२२ द्वारा "मेजिष्ट्रेट वा बडाहाकिम" को सट्टा "अञ्चलाधीश" सैनिक (तेस्रो संशोधन) ऐन, २०४० द्वारा "शाही सेना" को सट्टा "शाही नेपाली सेना" राखी रूपान्तर भएको ।